नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

पुरानो छपाई गर्न बाँकी सवारी चालक अनुमतिपत्रको छपाई सम्पन्न गरिएको बारे।

नागरिक मैत्री, छिटो र भरपर्दो सेवा प्रवाहका लागि नेपाल सरकारबाट जारी भएको प्रतिवद्धतालाई आत्मसाथ गरी विगत लामो समय देखि छपाई तथा वितरण हुन बाँकी रहेका सवारी चालक अनुमती पत्रको छपाई कार्य यस मन्त्रालय अन्तर्गत सुरक्षण मुद्रण केन्द्रबाट सम्पन्न भएको छ। सुरक्षण मुद्रण केन्द्र र यातायात व्यवस्था विभाग बीच भएका दुई चरणका सम्झौताबमोजिम छपाई हुन बाँकि रहेका २७ लाख थान सवारीचालक अनुमतिपत्र छपाई कार्य मिति २०८३ असार ३२ गते सम्पन्न भएको छ। सुरक्षण मुद्रण केन्द्र र यातायात व्यवस्था विभागबीच मिति २०८२ कार्तिक १२ गते सम्पन्न भएको पहिलो चरण र मिति २०८३ साल वैशाख ४ गते भएको दोश्रो चरणको सम्झौता भएको थियो।

हाल केन्द्रले यातायात व्यवस्था विभागबाट दैनिक रूपमा प्राप्त हुने ट्रायल उत्तीर्ण गरी राजस्व बुझाएका तथा नवीकरण गरेका आवेदकहरूको तथ्याङ्कका आधारमा हरेक दिन करिब ३ देखि ५ हजार सवारी चालक अनुमतीपत्र छपाई २४ घण्टा भित्रै सम्पन्न गरी विभागलाई हस्तान्तरण गर्दै आएको बेहोरा समेत सरोकारवाला सबैमा जानकारी गराइन्छ।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

२०८३/३/३२

असार ३२, २०८३
काठमाडौं,

सूचना अधिकारी